आज मिति २०८३/०३/०१ गतेको दिन बिहान ११:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्याम बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा प्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं) |

**प्रस्ताव नं.१** गाउँ प्रहरीको आधारभूत तालिम सञ्चालनार्थ को लागि खर्च व्यवस्थापन सम्बन्धमा।

**निर्णय नं. १** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस ब्रह्मपुरी गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दी बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति भएका गाउँ प्रहरी (सहायक निरीक्षक, हवल्दार तथा जवानहरू) लाई स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण, विपद् व्यवस्थापन तथा स्थानीय कानुन कार्यान्वयनमा दक्ष, अनुशासित र व्यावसायिक बनाउनु आवश्यक रहेको छ। कार्यक्षेत्रमा खटाउनु अगावै उनीहरूलाई अनिवार्य रूपमा आधारभूत सैन्य तथा प्रशासनिक तालिम प्रदान गर्नुपर्ने भएकाले जिल्ला प्रहरी कार्यालय, मलंगवा, सर्लाही वा मातहतको निकायबाट कम्तिमा १५ (पन्ध्र) दिनको "गाउँ प्रहरी आधारभूत तालिम" सञ्चालन गराउने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो तालिम सञ्चालन गर्दा लाग्ने आवश्यक व्यवस्थापकीय खर्च यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमबाट नियमानुसार व्यहोर्ने गरी जिल्ला प्रहरी कार्यालयलाई पत्रचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.२** अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि ,२०७५ (पहिलो संशोधन) को विधेयकको मस्यौदालाई स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं. २** प्रस्ताव नं.२ माथि छलफल गर्दा ब्रह्मपुरी गाउँपालिका अन्तर्गत विधान समितिको मिति २०८३।०२।२५ गते निर्णयानुसार पेश हुन आएको हुनाले स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ११को उपदफा (२) क (१) र दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि ,२०७५ बनाइएको हुनाले उक्त कार्यविधिमा पनि केही बुदाहरु संशोधन गर्नु पर्ने देखिएकोले तपसिलमा उल्लेख भए बमोजिमको बुँदा संशोधन गरी ब्रह्मपुरी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि ,२०७५ (पहिलो संशोधन)को को विधेयकको मस्यौदालाई स्वीकृत गर्ने गर्ने निर्णय गरियो।

| कार्यविधिको दफा नं. | शिर्षक | थप गर्नुपर्ने बुँदा |
|---|---|---|
| दफा १२ मा | परिच्छेद-५ विविध | बुँदा नं.६ पछि देहायका बुँदा नं. थप गर्ने<br>(७) अपाङ्ग परिचय-पत्र लिएका व्यक्तिहरुले प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।<br>(८) अपाङ्ग परिचय-पत्र लिएका व्यक्तिहरुको अवस्था सुधार भएको खण्डमा अपाङ्ग परिचय-पत्र परिवर्तन वा खारेज गर्न सकिनेछ। |

**प्रस्ताव नं.३** सडकको मर्मत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३** प्रस्ताव नं.३ माथि छलफल गर्दा ब्रह्मपुरी गा.पा. अन्तर्गत वडा नं.६ स्थित दुदाही पोखरीको डिलमा रहेको सडक मर्मत सम्भार कार्य आमानतबाट गर्ने गराउने निर्णय गरियो।